# गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.
# GUHESWORI MERCHANT BANKING & FINANCE LTD.

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको "ग" वर्गको वित्तीय संस्था)


पत्र संख्या: १४५०/२०७८/२०७९

मितिः २०७८/१०/११

श्रीमान कम्पनी रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रार कार्यालय,
त्रिपुरेश्वर,काठमाण्डौ ।

**बिषय - आ.ब.२०७७/०७८ को वार्षिक साधारण सभाको माइन्यूट बारे ।**

महोदय ,

उपरोक्त बिषय यस संस्थाको आ.ब.२०७७/०७८ को २० औं वार्षिक साधारण सभाको माइन्यूट (विवरण ) उतार यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

**संलग्न**

१) आ.ब. २०७७/०७८ को २० औं वार्षिक साधारण सभाको माइन्यूट (विवरण )

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौ ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौ ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४. श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिहदरवार प्लाजा, काठमाण्डौ ।
५. श्री सि.डि.एस.सि. एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौ ।

भवदीय,

राजेश कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव


प्रधान कार्यालय: गुहेश्वरी भवन, पुल्चोक, हरिहर भवन, ललितपुर ।
पो.ब.नं. ८९७५, ई.पि.सी.: ४४६, ☎ : ५४५०४०६, ५४३७४०७, फ्याक्स: ५४३६१६९
Email: gmbf@gmbf.com.np, URL: www.gmbf.com.np

हेटौडा शाखा : अजरअमर रोड, हेटौडा ☎ ०५७-५२६४०३, ५२६४०४
वौद्ध शाखा : बौद्ध, काठमाडौं ☎ ०१-४४८९००३,४४९०४२२
बिरगंज शाखा : आदर्शनगर, बिरगंज ☎ ०५१-५२६९०१,५२६९०२
चाराली शाखा : चाराली चोक, झापा ☎ ०२३-४६०६९०,४६०५८८
जनकपुर शाखा : कदम चोक ☎ ०४१-४२०६१४,४२०५४५
नारायणघाट शाखा : शहिद चोक ☎ ०५६-५२५५१३, ५२५८१३
भैरहवा शाखा : देवकोटा चोक ☎ ०७१-५७११३४, ५७११३५
बुटवल शाखा : अमरपथ ☎ ०७१-५४०१३६, ५४०१३७
चन्द्रनिगाहपुर शाखा : दुर्गा चोक
वितामोड शाखा : शनिश्चरे रोड, झापा ☎ ०२३-५९०५२९, ५९०५३२
पथरी शाखा : पथरी शनिश्चरे, मोरङ्ग ☎ ०२१-५५६१४८, ५५६१४९
तौलिहवा शाखा : कपिलवस्तु ☎ ०७६-५६१११२, ५६१११३
पोखरा शाखा : न्यूरोड, पोखरा ☎ ०६१-५३१०६३, ५३१०६४

# गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेडको
## बीसौं बार्षिक साधारण सभाको विवरण (माइन्यूट)

(१) **बीसौं बार्षिक साधारण सभाको प्रारम्भ :**
कम्पनी ऐन २०६३ तथा संस्थाको स्वीकृत प्रबन्धपत्र तथा नियमावली अनुरुप संस्थाको बीसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री श्रीमान श्रेष्ठज्यू को अध्यक्षतामा २०७८ साल पौष २९ गते बिहिबार ११:०० बजे गुहेश्वरी भवन, हरिहर भवन, पुल्चोक ललितपुरमा बसी निम्न बिषयहरु उपर छलफल तथा निर्णय गरी सम्पन्न गरियो ।

(२) **सभाको मिति समय तथा स्थान :**
कम्पनी ऐन २०६३ को दफा ६७(२) तथा संस्थाको स्वीकृत नियमावली बमोजिम संस्थाको बीसौं बार्षिक साधारण सभाको सूचना शेयरधनीहरुको संस्थामा उपलब्ध व्यक्तिगत ठेगानामा सभा हुने ठाँउ, मिति र आ.ब. २०७७/७८ को संचालक समितिको तर्फबाट सभाका अध्यक्षज्यूको प्रतिवेदन, लेखापरीक्षकज्यूको प्रतिवेदन,हरहिसाब विवरण सहित छलफलको बिषय सूची सहित पठाई २ पटक क्रमशः मिति २०७८/०९/०८ को आर्थिक अभियानमा र २०७८/०९/१९ गतेको कारोबार दैनिक पत्रिकामा साधारण सभाको सूचना प्रकाशित गरिएको थियो ।

(३) **छलफलका बिषयहरु : -**

(क) **सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन माथि छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७८/०७९ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी पुनः नियुक्तिको लागि योग्य)

४. संचालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पुँजीको ०.५२६३% ले हुन आउने नगद लाभांश रु.४५,४७,३६८।४२ (अक्षरुपी पैंतालीस लाख सत्चालीस हजार तीन सय अठसठ्ठी र पैसा बयालीस मात्र)(बोनस शेयर कर प्रयोजन) वितरण गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. संचालक समितिले प्रस्ताव गरे अनुसार हालको चुक्ता पुँजीको १० % ले हुने रु. ८,६४,००,०००/- (अक्षेरुपी आठ करोड चौंसठ्ठी लाख मात्र) बोनस शेयर वितरण गर्ने र सो पश्चात् जारी पुँजी, चुक्ता पुँजी वृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

२. नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रार कार्यालय तथा सम्बन्धित निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संसोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. यस वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) गर्ने/गराउने एक वा एक भन्दा उपयुक्त वित्तीय संस्थाहरु प्राप्ती (एक्वीजिशन) गर्ने वा जाने सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम तथा निर्देशन अनुसार गर्नु पर्ने सम्पूर्ण कार्य गर्नगराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

## (४) उपस्थिती

४.१ कम्पनी ऐन २०६३ को दफा ६८ अनुसार देहाय बमोजिम संस्थाको संचालकहरुको स्वयं उपस्थिती रहयो ।

१) अध्यक्ष — श्री श्रीमान श्रेष्ठज्यू

२) संचालक — श्रीमत सरोजनी श्रेष्ठज्यू

३) संचालक — डा. रेश्मा श्रेष्ठज्यू

४) संचालक — श्री राजेश मानन्धरज्यू

५) स्वतन्त्र — संचालक श्री कीर्तिनाथ मास्केज्यू

४.२ पुर्व अध्यक्ष — श्री राजेश लाल श्रेष्ठज्यू

४.३ अन्य पदाधिकारीको उपस्थिती

१) प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव — श्री राजेश कुमार श्रेष्ठ

२) नायब महाप्रवन्धक — श्री श्रीप्रसाद गेलाल

३) मुख्य प्रवन्धक — श्रीमती अर्चना प्रधान

४) बरिष्ठ प्रवन्धक — श्रीमती शिल्पा प्रधानाङ्ग

**५) शेयरधनीको उपस्थिती र गणपुरक संख्या**

| विवरण | कुल संख्या | स्वयं उपस्थिती | प्रतिनिधि मार्फत | जुम मार्फत् | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ५८४५ | १५ | १३ | ३ | ३१ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर संख्या | ८६,४०,००० | २८३९३२७.३६ | २९७८७८७.५५ | १५०९.५२ | ५८१९६२४.४२ | ६१ % भन्दा बढी |

(६) **सभाको बैधानिकता**

आजको बीसौं बार्षिक सभाको लागीस्वयं तथा प्रोक्सी मार्फत शेयरधनीहरुको प्रतिनिधित्व ५१ प्रतिशत भन्दा बढी भएकोले साधारण सभाको गणपुरक संख्या पुगी सभा कम्पनी ऐनको दफा ६९ अनुसार वैधानिक भएकोले कम्पनी ऐन २०६३ को दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम गणपूरक संख्या पुगेकोले साधारण सभा शुरु भएको कम्पनी सचिवज्यूले जानकारी गराउनु भयो र सभाका सभापतिज्यूले सभाको विधिवत बीसौं वार्षिक साधारण सभा पानसमा बत्ति बालेर उद्‌घाटन गर्नु हुदै सभा शुरु भएको घोषणा गर्नु भयो ।

सभाको बैधानिकता पश्चात यस संस्थाका पूर्व अध्यक्ष स्व. नारायण दास श्रेष्ठको यस वर्ष स्वार्गारोहरण भएकोले मृतकको आत्माको चिर शान्तिको लागि एक मिनेट मौनधारण गरियो ।

(७) **बार्षिक प्रतिवेदनको प्रस्तुती**

सभापतिश्री श्रीमान श्रेष्ठज्यूले आ.ब.२०७७/२०७८ को संस्थाको संचालक समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । त्यसपछि सभामा सभापतिले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य बिषयहरुमा आफ्नो जिज्ञासा र सुझाव प्रस्तुत गर्न आमन्त्रण गर्नु भयो ।

(८) **उपस्थित शेयरधनी महानुभावहरुबाट प्रस्तुत जिज्ञासा, सल्लाह र सुझाव प्रति संचालक समितिको तर्फबाट व्यवस्थापनको भनाई**

छलफलको कार्यक्रममा सहभागी शेयरधनी श्री अमृत नाथ रेग्मीज्यूले यस संस्थाले गर्दै आएको प्रगति प्रति संचालक समिति एवं व्यवस्थापनलाई धन्यवाद दिंदै आगामी दिनमा यस संस्थालाई वित्तीय क्षेत्रमा अझ बलियो बनाउँदै जान अन्य वित्तीय संस्थासंग मर्जर वा एक्वीजिशन गर्दा उपयुक्त हुने आफ्नो मन्तब्य व्यक्त गर्नु भयो ।

साथै, शेयरधनी श्री राम गोपाल मर्हजनज्युले यस संस्थाको आ.ब. २०७७/७८ को निक्षेप, कर्जा लगानी र लाभांश गत आर्थिक वर्षको भन्दा बढेकोमा संचालक समिति तथा ब्यबस्थापनलाई धन्यबाद ज्ञापन गर्दै आगामी दिनमा समेत सो को निरन्तरताको अपेक्षा सहित शाखा बिस्तार द्रुत गतिमा भए अनुसार सो को उचित ब्यबस्थापन गर्नुपर्ने, कर्मचारीहरुको तालिम अभिबृद्धि गर्नुपर्ने, अन्य प्रतिस्पर्धी बित्तीय संस्थाहरु सँग तुलना गर्दै संस्थाको बिकासको लागि आवश्यक नीति तर्जुमा गर्ने साथै संस्थाको शेयर तथा बण्ड लगानीको समयानुसार उचित ब्यबस्थापन गर्दै मुनाफा बुक गर्नुपर्ने सुझाब राख्नु भयो ।

छलफलको कार्यक्रममा सहभागी शेयरधनीले संस्थालाई अझ बढी प्रतिस्पर्धी बनाउनको लागि दिनु भएको बिभिन्न अमुल्य सुझाव तथा सल्लाहको लागि संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राजेश कुमार श्रेष्ठज्युले आवश्यक जानकारी दिनु भई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

(९) **बीसौं बार्षिक साधारण सभाको निर्णयहरु**

संस्थाको बीसौं बार्षिक साधारण सभाका लागी निर्धारित बिषय सूची अनुसार सभाको अध्यक्षता गर्नु हुने सभापति श्री श्रीमानश्रेष्ठज्यूले संचालक समितिको तर्फबाट प्रस्तुत गर्नु भएको प्रतिवेदन पारित गरियोस् भनि राख्नु भएको प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

(१०) **लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.०७७/०७८ को वासलात,नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहितको संस्थाको ०७७/०७८ को हिसाब विवरण पारित गर्न सभाका अध्यक्ष श्री श्रीमान श्रेष्ठज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

(११) **लेखा परीक्षण समितीले सिफारिस गरे बमोजिम आ.व.०७८/०७९ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी पुनः नियुक्तीको लागि योग्य) ।**

आ.ब.०७८/०७९ को लागि बैधानिक लेखापरीक्षणको साथै कर लेखा परीक्षण समेतको लागी लेखापरीक्षण समितिद्वारा सिफारीस गरिएको लेखापरीक्षक श्री एन. अमात्य एण्ड कम्पनीलाई बैधानिक लेखापरीक्षण तथा कर लेखापरीक्षणको निमित्त कुल पारिश्रमिक रु. ५,००,०००/- (अक्षेरुपी पाँच लाख मात्र) (भ्याट बाहेक) को प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

(१२) **विशेष प्रस्ताव**

१२.१ संचालक समितिले प्रस्ताव गरे अनुसार प्रस्तावित १० % बोनस शेयर रु ८,६४,००,०००/- (अक्षेरुपी आठ करोड चौंसट्ठी लाख मात्र) तथा ०.५२६३ % नगद लाभांश रु.४५,४७,३६८/४२ (अक्षेरुपी पैंतालीस लाख सत्चालीस हजार ती सय अठसट्ठी र पैसा बयालीस मात्र) (बोनस शेयर तथा नगद लाभांश कर सहित)वितरण गर्ने सर्वसम्मतबाट पारित भयो । बोनश शेयर जारी गरे पश्चात संस्थाको जारी पूँजी रु. ९५,०४,००,०००/- (अक्षेरुपी पन्चानब्बे करोड चार लाख मात्र) र चुक्ता पूँजी रु. ९५,०४,००,०००/- (अक्षेरुपी पन्चानब्बे करोड चार लाख मात्र) बृद्धि हुने भएकोले सो अनुरुप प्रबन्धपत्रको दफा ५ (ख), (ग) र नियमावलीको दफा ५ (ख),(ग) मा आवश्यक संशोधन गरी वृद्धि गर्ने निर्णय गरियो ।

१२.२ नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रर कार्यालय तथा सम्बन्धित निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतबाट पारित भयो ।

१२.३ यस बित्तीय संस्था तथा अन्य कुनै उपयुक्त बैंक तथा बित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) गर्ने/गराउने, एक वा एक भन्दा बढी उपयुक्त बित्तीय संस्थाहरु प्राप्ती एक्वीजिसन) गर्ने वा जाने सम्बन्धमा प्रचलित ऐन, कानुन,नीति,नियम तथा निर्देशन अनुसार सम्पूर्ण कार्य गर्न गराउन संचालक समितीलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(१३) अन्त्यमा सभाका सभापती श्री श्रीमान श्रेष्ठज्यूले संस्थाप्रति बिश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, संस्थाको हित तथा प्रगतिको लागि मार्गदर्शन दिनु हुने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सि.डि.एस.सि. लगायत सम्पुर्ण नियमन निकायहरु, संस्थाका सम्पुर्ण कर्मचारीहरु, संस्था प्रति प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा गाँसिएका सरोकारवालाहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भई संस्थाको बीसौं बार्षिक साधारण सभा सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्नु हुदै बीसौ बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

**कम्पनी सचिव**

दस्तखत ..................................

नाम :- श्री राजेश कुमार श्रेष्ठ

**अध्यक्ष**

दस्तखत ..................................

नाम :- श्री श्रीमान श्रेष्ठ